नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०३।२९

# त्रियुगा नगरपालिका "अभरमा नगर कार्यक्रम", कार्यसञ्चालन निर्देशिका, २०७८

नगरबासीको विकासको चाहनालाई तत्काल सम्वोधन गर्न, अप्ठ्यारोमा परेका नागरिकको समस्यालाई समयमै निराकरण गर्न तथा विकास निर्माणको गतिलाई तीव्रता दिन त्रियुगा नगरसभाको सातौ नगर अधिवेशनबाट स्वीकृत **"अभरमा नगर कार्यक्रम"** सञ्चालन गर्न, त्रियुगा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी त्रियुगा नगर कार्यपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम **"अभरमा नगर कार्यक्रम" कार्यसञ्चालन निर्देशिका, २०७८** रहेको छ।

(१) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा

(क) संविधान भन्नाले नेपालको संविधान संझनु पर्दछ।

(ख) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(ग) कार्यक्रम भन्नाले त्रियुगा नगरसभाको दोश्रो अधिवेशनबाट स्वीकृत अभरमा नगर कार्यक्रम सम्झनु पर्दछ।

३. कार्यक्रमले समेट्ने क्षेत्रहरुः (१) कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप क्षेत्रहरु समेटिने छन्।

(क) शहरी सडक तथा कृषि सडक निर्माण तथा मर्मतसम्भार,

(ख) सडक पुल तथा झोलुंगे पुल मर्मत सम्भार,

(ग) स्वास्थ्य उपकरण, औषधी (विषादि बाहेक),

(घ) नदी कटान नियन्त्रण,

(ङ) सडक नाला निर्माण मर्मतसम्भार,

(च) कृषि औजार, यन्त्र

मिति २०७८।०३।२९ को कार्यपालिका वैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर १ नं. प्रदेश नेपाल २०७४

(छ) गोरेटो, घोडेटो बाटो निर्माण तथा मर्मत

(ज) सार्वजनिक भवन निर्माण मर्मत,

(झ) खानेपानी, ट्यूवेल, कुलो निर्माण मर्मत,

(ञ) सार्वजनिक सम्पत्ति (भवन, जग्गा) को संरक्षण

(ट) पर्यटन पूर्वाधार

(ठ) चालु बजेटबाट सम्पन्न हुन नसेकेका तत्काल पूरा नगरी नहुने प्रकृतिका पूर्वाधार योजनाहरु

(ड) सडक बत्ती मर्मत र विस्तार

(ढ) पाटी पौवा , निर्माण तथा मर्मत

४. कार्यक्रममा समावेश गर्न नहुने क्रियाकलापहरु : देहायका क्रियाकलापहरु कार्यक्रम अन्तर्गत समावेश गर्न पाईने छैनः

(क) कुनै पनि प्रकारका तालिम गोष्ठी सेमिनार,

(ख) धार्मिक स्थल, मन्दिर,

(ग) कम्प्यूटर प्रिन्टर लगायतका मेशीन औजार खरिद,

(घ) सवारी साधन खरिद र मर्मत,

(ङ) शिक्षक, कर्मचारी तथा पदाधिकारीको तलव सुविधा, तथा भत्ता

(च) धार्मिक, सामाजिक, सांस्कृतिक मेला पंर्व जात्रा

(छ) चालु प्रकृतिका अन्य खर्चहरु

(ज) आर्थिक सहायता, चन्दा, पुरस्कार र राहत

तर, दफा ८ को उपदफा (२) बमोजिमको सेवा लिन र कन्टिन्जेन्सी रकमको खर्च सम्वन्धमा यो दफाका खण्डहरु लागू हुने छैनन् ।

मिति २०७८।०३।२९ को कार्यपालिका वैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५. आयोजना छनौटका आधारहरु: (१) कार्यक्रम अन्तर्गत देहायको आधारमा आयोजना छनौट गरिनेछ ।

(क) सम्वन्धित वडा समितिको निर्णय सहितको सिफारिस,

(ख) वडा समितिका कुनै सदस्यको उपस्थितिमा वास्तविक उपभोक्ताको शतप्रतिशत वा २५ जना उपभोक्ताको उपस्थितिमा समितिको गठन गरी माग निवेदन,

(ग) आयोजनाको यथार्थ लागत अनुमान,

(घ) यथार्थ वस्तुस्थिति झल्कने आयोजनास्थलको फोटो ।

६. त्रियुगानगरपालिकाको अभरमा नगर कार्यक्रमसंग सम्वन्धित बिषयको छनौट व्यवस्थापन तथा संचालन समितिः

(१) कार्यक्रमको मूल्यांकन तथा समिक्षा लगायतका कार्य गर्न देहायबमोजिमको व्यवस्थापन तथा संचालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | अध्यक्ष |
| २ | नगर उपप्रमुख | सदस्य |
| ३ | प्रमुखले तोकेका दुई जना कार्यपालिका | सदस्य |
| ४ | सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| ५ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार बैठकमा बिषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधी आँफै निर्धारण गर्न सक्नेछ ।

(६) त्रियुगानगरपालिकाको अभरमा नगर कार्यक्रमसंग सम्वन्धित बिषयको छनौट यस समितिको बहुमतवाट हुनेछ।

(७) बैठकमा उपस्थित भएबापत बिषय बिज्ञलाई प्रति बैठक भत्ता बापत रु २००० (दुई हजार ) तथापारवहन भत्ता बापत रु १०००। (एक हजार ) प्रदान गरिनेछ ।

७. कार्यक्रम व्यवस्थापन तथा छनौट समितिको गठन र काम कर्तव्य र अधिकार: (१) कार्यक्रम सञ्चालन, र व्यवस्थापनका लागि देहाय बमोजिमको कार्यक्रम सहजीकरण समिति गठन गरिनेछ:

मिति २०७८।०३।२९ को कार्यपालिका वैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(२) समितिको काम कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,,

(क) दफा ६ बमोजिम छनौट भएका आयोजना सञ्चालनको स्वीकृति दिने,

(ख) कार्यक्रम प्रभावकारी कार्यान्वयनन्वयनका उपायहरु पहिचान गर्ने, कार्यान्वयनका लागि कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने,

(ग) कार्यक्रम कार्यान्वयनको समिक्षा गर्ने र नीतिगत सुधारका लागि नगरकार्यपालिका समक्ष राय सुझाव पेश गर्ने,

(घ) आयोजनाको अनुगमन गर्ने गराउने,

(ङ) कार्यक्रम कार्यान्वयनको आवधिक प्रगति नगर कार्यपालिका समक्ष पेश गर्ने,

८. जनशक्ति व्यवस्थापनः (१) कार्यक्रम कार्यान्वयन मौजुदा जनशक्तिबाट कार्यान्वयन गरिनेछ :

| | |
|---|---|
| क) इन्जिनियर | १ |
| ख) सव ईन्जिनियर वा असिस्टेन्ट सब ईन्जिनियर | १ |
| ग) योजना सहायक | १ |

(२) कार्यक्रमको लागि कर्मचारीहरुको व्यवस्थापन कार्यालयमा कार्यरत जनशक्तिबाट नै मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेखित कर्मचारीहरुमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले एकजनालाई कार्यक्रमको फोकल पर्सन तोक्ने छ ।

मिति २०७८।०३।२९ को कार्यपालिका बैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

८. योजना कार्यान्वयन र फरफारक सम्बन्धी कार्यविधि: योजना कार्यान्वयन तथा फरफारक सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन कार्यविधि २०७४ बमोजिम हुनेछ ।

९. कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने: नगरपालिकाले यस कार्यक्रम अन्तर्गतका योजनाहरुलाई पहिलो प्राथमिकता दिई कार्यान्वयन गर्नु पर्नेछ ।

१०. अन्य कानून लागु हुने: यस निर्देशिकामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

विश्वजित राई
नि प्रमुख प्रशासकीय अधिकृत

मिति २०७८।०३।२९ को कार्यपालिका वैठकबाट स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

नि. प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner